# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ३, संख्याः ३, आषाढ ३० गते, २०७६ साल

व्यास नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

सभाबाट पारित मितिः २०७६।३।२५

## केही व्यास नगरपालिका ऐनलाई संशोधन गर्ने ऐन, २०७६

प्रस्तावनाः
प्रचलित व्यास नगरपालिका ऐनमा समसामयिक सुधार गर्न केही व्यास नगरपालिका ऐनलाई संशोधन गर्न वाञ्चनीय भएकोले व्यास नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "केही व्यास नगरपालिका ऐनलाई संशोधन गर्ने ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि प्रारम्भ हुनेछ ।

२. **व्यास नगरपालिका शिक्षा ऐन, २०७५ मा संशोधनः**

१. शिक्षा ऐन, २०७५ को परिच्छेद ३ दफा १७ पछि थप

दफा १७ (क) शिक्षक नियुक्ति र सरुवा सम्बन्धी कार्य गर्दा नगरपालिका वा नगर शिक्षा समितिको निर्णय बमोजिम नगर शिक्षा अधिकारीले कार्यान्वयन गर्नुपर्नेछ ।

३. **व्यास नगरपालिका सहकारी ऐन, २०७४ मा संशोधनः**

(१) सहकारी ऐन, २०७४ को परिच्छेद ७ दफा ३९ उपदफा "९" थप

(२) संस्थाले विद्यमान शेयर पूँजी कोषको ५ गुणासम्म शेयर पूँजी थप गर्न सक्नेछ ।

४. **व्यास नगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ मा संशोधनः**

-न्यायिक समिति ऐन, २०७४ को दफा ५९ (३) पछि थप

(१) दफा ५९ (४) - मेलमिलाप प्रवर्द्धन समिति

(क) नगरपालिकाको अधिकार क्षेत्रभित्रका मुद्दाहरुलाई मेलमिलाप तथा मध्यस्थता माफत् विवाद समाधान गर्ने जनशक्ति तयारी गर्नका लागि एक मेलमिलाप पवर्द्धन समिति गठन गरिनेछ । समितिमा देहायका पदाधिकारी सदस्य रहने छन् ।

क. नगर कार्यपालिकाबाट निर्णय भएको नगरपालिकाका सदस्यहरु मध्येबाट-संयोजक १ (एक)
ख. नगर सदस्यहरुबाट न्यूनतम १ (एक) महिला सहित- सदस्य ३ (तीन)
ग. तोकिएको कर्मचारी- सदस्य सचिव १ (एक)

(२) दफा ५९ (४) (ख) मेलमिलाप प्रवर्द्धन समितले निम्नानुसार कार्य गर्नेछः
(क) सूचीकृत मेलमिलाप कर्ताहरुलाई तालिमको व्यवस्था गर्न सहजीकरण गर्ने ।
(ख) वडाहरुमा मेलमिलाप केन्द्र स्थापना गर्न सहजीकरण गर्ने ।
(ग) नगरपालिका र न्यायिक समितिले तोके वमोजिमको अन्य कार्य गर्ने ।

-दफा ७३ पछि थप
७३ (१) फैसला कार्यान्वयनको दायित्व कार्यपालिकाको हुनेछ । कार्यपालिकाको नियन्त्रण र निर्देशनमा रही उजुरी प्रशासन वा अभिलेख प्रशासन शाखाबाट फैसला कार्यान्वयन प्रकृया सम्पन्न गरिने छ ।

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत